स्थानीय सरकार

# मेलुङ गाउँपालिका

མེ་ལུང་ ག་ཨུཾ་པ་ལི་ཀཱ། | मेलुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पत्र सङ्ख्या : २०८१/०८२
चलानी नम्बर : १२३/सूचना

भेडपु, दोलखा
बागमती प्रदेश, नेपाल

## स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तहबृद्धिको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

(प्रकाशित मिति : २०८१/०९/०९)

बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ९ (२) तथा दफा ३० ( १) बमोजिम योग्यता पुगेका यस गाउँपालिकामा कार्यरत स्थानीय सेवाका स्थायी कर्मचारीहरुलाई तहबृद्धिको लागि मिति २०८१ पुस २९ गते भित्र गाउँपालिकाको कार्यालयमा देहायको कागजात सहित निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । ऐनको दफा ९(२) बमोजिम तहबृद्धि हुनेको हकमा चौथो तहमा पाँच वर्ष सेवा अवधि पूरा गरेको तथा दफा ३० बमोजिम तहबृद्धि हुनेको हकमा तहबृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएको, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसत पन्चानब्बे प्रतिशत अङ्क प्राप्त गरेको र तोकिएको न्यूनतम् शैक्षिक योग्यता हासिल गरेको हुनुपर्नेछ ।

**आवश्यक कागजातहरु** :

१) निवेदन, लोकसेवा आयोगको सिफारिस, सुरु नियुक्ति र हाजिरी भएको पत्र
२) बढुवा नियुक्ति भएको भए सोको पत्र, स्तरबृद्धि भएको भए सोको पत्र
३) समायोजन भएको भए सोको पत्र
४) सरुवा, रमाना, हाजिरी सम्बन्धी पत्रहरु
५) पछिल्लो पाँच बर्षको कार्यसम्पादन मूल्याङ्कन फारम
६) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा तोकिएको न्यूनतम् शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
७) ऐनको दफा १५ बमोजिम विभागीय सजाय नपाएको स्वघोषणा तथा कार्यालय प्रमुखबाट प्रमाणित कागजात
८) अध्यावधिक PIS विवरण
९) अध्ययन/असाधरण विदा लिएको भए सोको पत्र

.........................
(सन्जय शिवाकोटी)
प्रमुख प्रशासकीय अधिकृत